# स्रोत र फोहोर छुट्टाउने / डिस्पोज गर्ने तरिका




कृपया तपाईं बसोबास गर्ने इलाकाको फोहर सङ्कलन हुने कुन वार हो भनेर, पृष्ठ 4 एवम् "सामूहिक सङ्कलन कार्यान्वयन हुने दिनहरूको सूची"को पर्चाबाट पत्ता लगाई "○" मा जुन वार पर्ने रहेछ त्यही वार लेखिराख्नु होस्।

| प्रकार | डिस्पोज गर्ने ठाउँ (समय) | छुट्टाउने तरिका (मुख्य वस्तुहरू) | डिस्पोज गर्ने तरिका |
|---|---|---|---|

## जल्ने फोहर (हप्तामा 2 पटक)

○ वार · ○ वार

**फोहर सङ्कलन गर्ने स्थान (बिहान 8 बजेसम्म)**

(केही भाग मात्र) प्लास्टिक बाहेक अन्य सामग्रीबाट बनेका वस्तुहरु (यस्ता वस्तुहरु जसमा प्लास्टिक वा कागजबाट बनेका भागहरु धेरै छन्)
प्लास्टिकबाट मात्र बनेका सामग्रीहरू "प्लास्टिकजन्य स्रोतमा" राख्नुहोस् ।

- **रबर / छाला जन्य सामान** — झोला, जुत्ता, बुट-जुत्ता, नरम-पाइप आदि
- **तेल लागेको, मैलिएको या गन्ध आउने कागजहरू** — पिजाको बक्स, डिटर्जेन्टको बक्स आदि
- **कुहिने फोहर**
- **कागजको रद्दीहरू**
- **कागजको डाइपर**
- **खाद्य तेल** — आधार स्थलमा सङ्कलन हुने (पृष्ठ 2)।
- **मैलिएका कपडाहरू**
- 50cm वा सो भन्दा कम **छाँटकाँट गरिएको हाँगाबिँगा**

1. ढकनी लाग्ने भाँडो, अथवा भित्री वस्तु देखिने पारदर्शी वा अर्ध-पारदर्शी थैलोमा राख्ने।
2."फोहर सङ्कलन गर्ने स्थान"मा डिस्पोज गर्ने।

○कृपया कुहिने फोहरको पानी निखार्नुहोस्।
○खाद्य तेल फाल्ने अवस्थामा, कृपया कपडा या कागजहरूमा सोसाएर वा बजारमा पाइने कोगुलेन्ट (जमाउने सामग्री)ले जमाउने आदि गर्नुहोस्।
○कृपया बाँसको झीर आदि जस्ता वस्तुहरू खतरा नहुने गरी बेरेर राख्नुहोस्।
○डस्ना वा बेड-प्याड जस्ता ओछ्याउने वस्तुहरू "बृहदाकार फोहर" तर्फ।

★ठूलो परिमाणमा फोहर डिस्पोज गर्ने अवस्थामा (अस्थायी फोहर)
घरबाट निस्कने फोहर नै भएपनि, बोट बिरुवाका छाँटिएका हाँगाबिँगा या बसाइ सराइ आदि गर्दा निस्कने ठूलो परिमाण (45 लिटरको थैलो 5 थैलो वा सो भन्दा बढि, काटेका हाँगाको 5 वा सो भन्दा बढी बन्डलहरू) मा निकाल्न पर्ने अवस्थामा सशुल्क हुन्छ। कृपया अग्रिम रूपमा "सरसफाइ कार्यालय"मा परामर्श गर्नुहोस्।
सरसफाइ कार्यालय ☎ 03(3387) 5353

## सेरामिक्सका भाँडा / सिसा धातु जन्य फोहर

मासिक 2 पटक

□ औँ / □ औँ ○ वार

**फोहर सङ्कलन गर्ने स्थान (बिहान 8 बजेसम्म)**

(केही भाग मात्र) प्लास्टिक बाहेक अन्य सामग्रीबाट बनेका वस्तुहरु (यस्ता वस्तुहरु जसमा धातु बढी प्रयोग भएको वा व्याट्रीबाट चल्ने वस्तुहरू)

- छाता (30cm भन्दा माथि साइजका फोल्डिङ छाताहरू समेत)
- **ट्युब-लाइट / चिम (बल्ब)/LED लाईट** (खाली केस आदिमा राख्ने) ※नफुटेका ट्युब-लाइट भने आधार स्थलमा सङ्कलन हुने(पृष्ठ 2)
- **सानो आकारको घरायसी विद्युतीय उपकरणहरू** (एक भुजा 30cm वा सो भन्दा कम भएको) ※केही सामानहरू भने आधार स्थलमा सङ्कलन हुने (पृष्ठ 2)।
- **सेरामिक्सका भाँडा / विभिन्न धातु जन्य फोहर** — चिया कप, चियाको प्याला, गिलास, कराही, फ्राइ-प्यान, एल्युमिनियम फोइल, तारको ह्याङ्गर आदि

**खतरनाक वस्तुहरू**

- सानो रिचार्जेवल ब्याट्री तथा उक्त ब्याट्री जडित वस्तु
- स्प्रे-क्यान / ग्याँसको डिब्बा / लाइटर — क्यान (डिब्बा)मा प्वाल नपार्ने!
- फुटेका सेरामिक्सका भाँडा / विभिन्न सिसा जन्य वस्तुहरू, धारिलो वस्तुहरू — खतरा नहुने गरी बेरेर राख्ने!
- पारो प्रयोग भएको थर्मोमिटर / रक्तचापमापक

1. ढकनी लाग्ने भाँडो, अथवा भित्री वस्तु देखिने पारदर्शी वा अर्ध-पारदर्शी थैलोमा राख्ने।
2."**फोहर सङ्कलन गर्ने स्थान**"मा डिस्पोज गर्ने।

**खतरनाक वस्तुहरू डिस्पोज गर्दा होसियार हुनुहोस्**
यस्ता खतरनाक वस्तुहरू हरेकलाई अन्य फोहर भन्दा छुट्टै थैलोमा, कृपया भित्री वस्तु के हो भनेर थाहा हुने गरी उल्लेख गरेर डिस्पोज गर्नुहोस्।
सङ्कलन गर्ने कामदार आदिलाई लाग्ने चोटपटक या सवारी आगलागी रोकथामको लागि, फोहर वर्गीकरण र के वस्तु हो उल्लेख गरेर सहयोग गरिदिनुहुन हार्दिक अनुरोध गर्दछौँ।
उदाहरण ▶ スプレー缶

## प्लास्टिकजन्य स्रोत (हप्तामा 1 पटक)

○ वार

**फोहर सङ्कलन गर्ने स्थान (बिहान 8 बजेसम्म)**

### प्लास्टिकजन्य वस्तुबाट बनेको कन्टेनर र प्याकेजिङ

प्लास्टिक चिन्ह

कन्टेनर, ट्रे, र्याप, बोतल, झोला, प्याक, कप, बोतलको बिर्को र कुसन लगायतका सामग्रीहरू

★यदि मैलिएको फोहर गएन भने "जल्ने फोहर" को रूपमा संकलन गरिन्छ ।

### प्लास्टिकजन्य वस्तुबाट मात्रै बनेको फोहर

खाना पकाउने भाँडा, बगैंचामा प्रयोग हुने सामान, स्नान कक्षमा प्रयोग हुने सामग्री, स्टेशनरी, लंच बक्स टपरवेयर आदि

★30cm सेन्टिमिटर भन्दा बढी साइडमा लामो भएका प्लास्टिकजन्य सामानहरूलाई "वृहदाकार फोहर" को फोहर मानिन्छ ।

1.पानीले हल्का पखालेर, मैला निकाल्ने।
2.ढकनी लाग्ने भाँडो, अथवा भित्री वस्तु देखिने पारदर्शी वा अर्ध-पारदर्शी थैलोमा राख्ने।
3."**फोहर सङ्कलन गर्ने स्थान**"मा डिस्पोज गर्ने।

○स्रोत स्वरूप सङ्कलन गरिने भएकोले, कृपया भित्री वस्तु खाली बनाएर, मैला निकालेर मात्र डिस्पोज गर्नुहोस्।
○थैलोहरू दोबर, तेबर पारेर नराख्नुहोस्।

○प्याक या र्‍यापिङ पेपरमा टाँसिएको स्टिकर (मूल्य / सर-सामग्री विवरणको स्टिकरआदि) लाई उप्काउन आवश्यक छैन।

※मैला ननिस्कने वस्तुहरूलाई "जल्ने फोहर" तर्फ।
※आंशिक भाग भए पनि प्लास्टिक बाहेक अन्य सामग्री समावेश भएका वस्तुहरुलाई "प्लास्टिकजन्य फोहर"को रुपमा फाल्न सकिन्न ।

## सिसी / क्यान (डिब्बा) पेट-बोतल (हप्तामा 1 पटक)

○ वार

**सिसी / क्यान (डिब्बा) पेट-बोतल जम्मा गर्ने स्थान (बिहान 8 बजे सम्म)**

**सिसी** — खानेकुरा राख्ने काँचको बोतल (कप / गिलास बाहेक)

※सिसीको बिर्को चाहिँ
・धातुबाट बनेको भए "
→"सेरामिक्सका भाँडा / सिसा / धातु जन्य फोहर" तर्फ।
・प्लास्टिकबाट बनेको भए
→"प्लास्टिकजन्य स्रोत" तर्फ।

**क्यान (डिब्बा)** — खानेकुरा राख्ने एल्युमिनियमको क्यान (डिब्बा) / स्टीलको डिब्बा (पेट-फूड क्यान (डिब्बा) सहित)

PET
※पेट-बोतलको बिर्को र लेबल निकालेर
→"प्लास्टिकजन्य स्रोत" तर्फ।

**सादा पेट-बोतल** (बायाँ माथिको चिन्ह भएको)
खानेकुरा / मरमसला राख्न प्रयोग हुने पेट-बोतल

**× संकलन गर्न नसिकने बस्तु**

- ●खानेकुरा राख्ने बाहेकको क्यान वा डिब्बा (औषधि जन्य सामान / कस्मेटिक सामान / ग्याँसको डिब्बा आदि), स्प्रे-क्यान आदि
- ●मैलिएको वस्तुहरू, 18 लिटरको टिनको डिब्बा, रङ्गीन पेट-बोतल आदि

सिसी / क्यान (डिब्बा)→"सेरामिक्सका भाँडा / सिसा / धातु जन्य फोहर" तर्फ
पेट-बोतल→"जल्ने फोहर" तर्फ

1. पानीले हल्का पखालेर, मैला निकाल्ने।
2."**सिसी / क्यान (डिब्बा) / पेट-बोतल जम्मा गर्ने स्थान**"मा डिस्पोज गर्ने।
○सिसीलाई पहेँलो रङ्गको केसमा, क्यान (डिब्बा)लाई नीलो रङ्गको केसमा, पेट-बोतललाई कुच्च्याएर सङ्कलन गर्ने जाली भित्र, सिधैँ हाल्ने।
※थैलो सहित नराख्ने



सङ्कलन हुने दिनको अघिल्लो दिनको साँझ "सङ्कलन गर्ने भाँडो" स्थापना गर्ने। छिमेकीहरूलाई असुविधा नहुने गरी, शान्तसँग राखेर, कृपया थैलो फिर्ता लिएर जानुहोस्।

पेट-बोतलको लागि कृपया नजिकको "स्वचालित पेट-बोतल सङ्कलन मेसिन"लाई प्राथमिकताका साथ प्रयोग गर्नुहोस्। विस्तृत जानकारीको लागि पृष्ठ 2 तर्फ।

## पुराना कागजहरू (हप्तामा 1 पटक) पुराना लुगाहरू / पुराना कपडाहरूपनि सङ्कलन

○ वार

**सामूहिक सङ्कलन गर्ने फोहर जम्मा गर्ने स्थान (बिहान 8 बजेसम्म)**

※व्यावसायिक गतिविधिहरू (कम्पनी / पसल) आदिबाट निस्कने पुराना कागजहरू डिस्पोज गर्न पाइँदैन।

नाकानो वडाको पुराना कागजहरूको सङ्कलन, टोल समिति आदिको स्थानीय व्यक्तिहरूले "सामूहिक सङ्कलन" मार्फत गर्ने गरिएको छ।

- **अखबार** (पर्चाहरू सहित)
- **पत्रिका** (पुस्तकहरू सहित)
- **कार्डबोर्ड**
- **विविध कागजहरू** (टिस्युको बक्स, मिठाइको बक्स, पर्चा, खाम, र्‍यापिङ पेपर, पेपर ब्याग, ट्वाइलेट पेपरको भित्री भाग, क्याटलग, पम्प्लेट, दूधको प्याक (रक्सीको प्याक भने मिल्दैन) आदि
- **पुराना लुगाहरू / पुराना कपडाहरू** ※कृपया पुराना लुगाहरू / पुराना कपडाहरू भने दिनभरि मौसम सफा रहने दिनमा डिस्पोज गर्नुहोस्।

※डस्ना वा बेड-म्याट्रेस आदिलाई "बृहदाकार फोहर" तर्फ।

**× सङ्कलन गर्न नसकिने कागज**

- ●मैलिएको या गन्ध आउने कागजहरू
  - पिजा बक्स
  - डिटर्जेन्ट या साबुनको बक्स आदि
- ● प्रशोधित कागजहरू
  - थर्मल पेपरहरू (रसिद आदि)
  - कोटिङ गरिएका कागजहरू (योगर्ट (दही) / आइस-क्रीम आदिको भाँडा) आदि

→"**जल्ने फोहर**" तर्फ

1,पुराना कागजहरूलाई अखबार / पत्रिका (विविध कागजहरू) / कार्डबोर्ड बक्सको प्रकार अनुसार भिन्दाभिन्दै मिलाउने।
2,पुराना कागजहरूलाई डोरी (प्लास्टिकको डोरी भएपनि हुन्छ)ले बाँध्ने। पुराना कागजहरू / पुराना कपडाहरूलाई प्लास्टिकको झोलामा राख्ने।
3,"**सामूहिक सङ्कलन गर्न जम्मा गर्ने स्थान**"मा डिस्पोज गर्ने।
※यदि सङ्कलन गर्ने स्थान थाहा नभएको अवस्थामा स्रोत संकलन प्रवर्द्धन शाखामा सोधपुछ गर्नुहोस्।
☎ 03(3228) 5555



सुन्तला रङ्गको झन्डा या ब्यानर त्यसको सङ्केत हो (अनुकूलताको कारणले नराखिएको पनि हुनसक्छ) ।

☆कृपया विविध कागजहरूलाई पत्रिकाहरूमा च्याप्ने वा कागजको थैलोमा हालेर डिस्पोज गर्नुहोस्।

★चाडपर्वको बिदामा पनि फोहर सङ्कलन गरिनेछ। वर्षान्त तथा नववर्षको बिदामा सङ्कलन हुने दिन बारे, "वडाको वेबसाइट" या "नाकानो-कु होउ नामक नाकानो-वडाको सार्वजनिक सूचना", "फोहर वर्गीकरण एप" आदि मार्फत सूचित गरिनेछ।


## बृहदाकार फोहर (सशुल्क)

**अग्रिम आवेदन प्रणाली**

घरबाट निस्कने वस्तुहरू, एक भुजाको लम्बाइ 30㎝ नाघ्ने फर्निचर या घरायसी विद्युतीय उपकरण आदि

●बृहदाकार फोहर सङ्कलन केन्द्र (सोम ~ शनि / बिहान 8 बजेदेखि बेलुकी 7 बजेसम्म)
☎ 03 (5715) 2255
※वडाको वेबसाइटबाट पनि आवेदन दिन सकिन्छ। कृपया पृष्ठ 4 को गाइड हेर्नुहोस्।

2026 साल 8 महिनामा प्रकाशित



# आधार स्थलमा गरिने स्रोत सङ्कलन ~उद्यमस्थलबाट निस्कने फोहर भने सङ्कलन गरिने छैन~

※वडा कार्यालयको सङ्कलन बक्सहरू विभिन्न आकारका हुन्छन् ।

## ड्राइसेल ब्याट्री सङ्कलन बक्स






**《सङ्कलन हुने वस्तुहरू》**
ड्राइसेल ब्याट्री (अल्कालाइन / माङ्गानीज), लिथियम प्रथम ब्याट्री (सिक्का आकारको मोडल नम्बर "CR", "BR" आदि), बटन-ब्याट्री

**《सङ्कलन हुने स्थान》**
**वडापालिका, वडा वासी गतिविधि केन्द्र, पुस्तकालय, व्यायामशाला, रिसाइकल प्रदर्शनी कक्षा आदि जस्ता वडाको सुविधाभवनहरू**

**《नोट》**
बटन-ब्याट्रीहरूलाई सेलोफेन टेप आदिको प्रयोग गरी इन्सुलेट (पृथक बनाएर) फाल्नुहोस् ।
विजुली पसल अथवा यसका सहयोगी पसलहरूमा पनि यसको संकलन गरिन्छ । त्यहाँ लगेर फाल्नुहोस् ।

## सानो रिचार्ज गर्न मिल्ने ब्याट्री संकलन बक्स




**《सङ्कलन हुने वस्तुहरू》**
मोवाइल ब्याट्री, ब्याट्री प्याक आदि

**《सङ्कलन हुने स्थान》**
**नाकानो वडा कार्यालय, रिसाइकल प्रदर्शनी कक्षा**

**《नोट》**
- सेलोफेन टेप आदिको प्रयोग गरी इन्सुलेट (पृथक बनाएर) फाल्नुहोस् ।
- फुल्लिएको अथवा विग्रिएको वस्तुलाई सरसफाइ कार्यालयमा लैजानुहोस् ।
- रिसाइकल चिन्ह भएका वस्तुहरू विजुली पसल अथवा यसका सहयोगी पसलहरूमा पनि संकलन गरिन्छ ।

## सानो आकारको घरायसी विद्युतीय सामान सङ्कलन बक्स

**《सङ्कलन हुने वस्तुहरू》**
**घरबाट निस्कने, काम नलाग्ने भएका सानो आकारको घरायसी विद्युतीय सामान (निम्न 9 वटा सामानहरू)**
- मोबाइल टेलिफोन (PHS, स्मार्टफोन सहित) • पोर्टेबल म्युजिक प्लेयर • पोर्टेबल गेमिङ कन्सोल
- डिजिटल क्यामेरा • पोर्टेबल भिडियो क्यामेरा • पोर्टेबल कार न्याभिगेटर • विद्युतीय शब्दकोश
- डेस्क क्याल्कुलेटर • AC अड्याप्टर, विभिन्न कोर्डहरू (तार)

**《सङ्कलन हुने स्थान》**
**वडापालिका, वडा वासी गतिविधि केन्द्र, केन्द्रीय पुस्तकालय, रिसाइकल प्रदर्शनी कक्षा**

※सङ्कलन बक्सको प्वाल (30cm×15cm)मा नछिर्ने वस्तुहरू भने सङ्कलन गरिने छैन।



**《नोट》**
- कृपया मोबाइल टेलिफोन आदिको व्यक्तिगत जानकारी भने डिलिट गर्नुहोस्।
- कृपया आवश्यक मेमोरि चिप्स (SD कार्ड आदि), ब्याट्री, ब्याट्री (ठूलो आकारको) भने निकाल्नुहोस्।
- सङ्कलन बक्समा हालेको वस्तुहरू फिर्ता गरिने छैन।

## फ्लोरोसेन्ट बत्ती तथा ट्युबलाइट सङ्कलन बक्स



**《सङ्कलन हुने वस्तुहरू》**
घरबाट निस्कने सिधा आकारको ट्युब (120cm वा सो भन्दा कम), चक्र आकार, चिम आकारको ट्युबलाइट

**《सङ्कलन हुने स्थान》**
**वडापालिका, वडा वासी गतिविधि केन्द्र, केन्द्रीय पुस्तकालय, रिसाइकल प्रदर्शनी कक्षा**



**《नोट》**
- क्षति हुनबाट बचाउनको लागि, कृपया खरिद गरेको बेलाको पाइप या खाली केसमा हाल्ने वा अखबार आदिले बेरेर राख्नुहोस्।
- फिलामेन्ट बल्ब, LED बल्ब आदि ट्युबलाइट बाहेकका वस्तुहरू या फुटेका ट्युबलाइट भने सङ्कलन बक्समा हाल्न मिल्दैन। कृपया "सेरामिक्सका भाँडा / सिसा / धातु जन्य फोहर" को दिनमा डिस्पोज गर्नुहोस्।

## पेट-बोतल स्वचालित सङ्कलन मेसिन

☆समर्पित पोइन्ट प्राप्त गर्न योग्य

घरबाट निस्कने रङ्गरहित पेट-बोतलहरू प्रभावकारी रूपमा सङ्कलन गर्नको लागि, वडा भित्रको सुपर-मार्केटहरूमा कन्टेनर राखिएको हुन्छ । (रङ्गीन भने सङ्कलन नहुने भएकोले "जल्ने फोहर तर्फ")। कृपया घरमा नै बोतलको विर्को र लेबल निकाल्ने र भित्र पखाल्ने अनि लिएर जाने र
नकुच्याईकन हाल्ने गर्नुहोस्।
त्यहाँ हालिएका पेट-बोतलहरू कम्प्रेस गरेर परिमाण घट्छ र सङ्कलन / ढुवानी गर्ने बेलामा निस्कने $CO_2$ (कार्बन-डाइअक्साइड) कम गर्न सकिन्छ। प्रयोग गर्नुभयो भने ""शपिङ कुपन" आदिमा सट्टापट्टा गर्न सकिने समर्पित पोइन्ट जम्मा हुन्छ। "

**《सङ्कलन हुने स्थान》 2026 साल 6 महिना**
※नवीनतम जानकारीको लागि वडाको वेबसाइट चेक गर्नुहोस्।



○**ओके**, सागिनोमिया पसल वा नाकासुगि पसल
○**सानतोकु**, सिन-नाकानो पसल
○**लाइफ**, हिगासि-नाकानो पसल वा नाकानो एकिमाए पसल वा नाकानो आराइ पसल
○**पीकक्**, तोरिचु खासेइ पसल
○**मारुएचु**, तोरिचु खासेइ एकिमाए पसल वा नाकानो वाकामिया पसल
○**किचेन कोर्ट**, हिगासि-नाकानो पसल
○**मारुएचु-पेटीट**, यामातो-च्यो पसल वा नाकानो-च्युओ पसल
○**को-ओप**, नाकानो च्युओ पसल वा नाकानो सागिनोमिया पसल
○**रिसाइकल प्रदर्शनी कक्षा**
※समिट स्टोर, सेवेन इलावेन लगायतका निजी व्यवसायीहरूद्वारा पनि स्थापना गरिएको छ ।

## पुराना लुगाहरू / पुराना कपडाहरू

सामूहिक सङ्कलन मार्फत स्रोत स्वरूप सङ्कलन गरिन्छ (केही टोल समिति / स्थानीय स्वायत्त समितिहरू बाहेक)। साथै, **"रिसाइकल प्रदर्शनी कक्षा** (माचुगाओका 1-6-3 / सम्पर्क स्थानको लागि पृष्ठ 4 मा हेर्नुहोस्)" मा पनि भवन खुल्ला रहने समय भित्र लिएर आउन सक्नुहुनेछ।



※ भिज्यो भने फोहर संकलन हुने छैन । कृपया सामुहिक संकलनमा दिनभरि मौसम सफा रहने दिनमा डिस्पोज गर्नुहोस्।

**《सङ्कलन हुने वस्तुहरू》**
विदेशी स्टाइलको लुगा, अन्डर-वेयर, मोजा, तौलिया,
पर्दा (प्रकाश नछिर्ने बनाएको वा लेसवाला कर्टेन बाहेक) आदि

**《नोट》**
- कृपया धोइ सकिएका वस्तुहरूलाई प्लास्टिकको थैलोमा हालेर डिस्पोज गर्नुहोस्।
- कृपया फस्नर / टाँक आदि ननिकाल्नुहोस्।
- कपास भएका लुगाहरू या मास्क भने सङ्कलन गरिने छैन। कृपया "जल्ने फोहर" स्वरूप डिस्पोज गर्नुहोस्।

## खाद्य तेल

**《सङ्कलन हुने वस्तुहरू》**
घरबाट निस्कने खाद्य वनस्पति तेल (तेम्पुरा-ओइल, सलाद-ओइल, ओलिभ-ओइल, कर्न-ओइल आदि)
※धेरै पटक प्रयोग गरिएको गाढा खैरो भएको तेल या उपभोग्य म्याद सकिएको प्रयोग नभएका वस्तुहरू पनि स्वीकार्य हुनेछ।

**《सङ्कलन गर्ने स्थान》**
**वडापालिकाको 8 औँ तलाको वातावरण फाँट, रिसाइकल प्रदर्शनी कक्षाको काउन्टर**
※माथि उल्लिखित स्थान बाहेक, नगरवासी गतिविधि केन्द्रमा हरेक महिनाको चौथो मङ्गलवार (सोही दिन चाडपर्वको बिदा परेको अवस्थामा ठ्याक्कै त्यसपछिको अफिस खुल्ने दिन)को बिहान 9 बजेदेखि मध्यान्न 12 बजेसम्ममा सङ्कलन गरिनेछ। "



**《नोट》**
- कृपया कसर सकेजति निकालेर, पेट-बोतलमा हालेर, बिर्को लगाएर मात्र लिएर आउनुहोस् (प्रयोग नभएका वस्तुहरू भने नखोली मूल भाँडोमा जस्ताको तस्तै ल्याउने)।
- फुट्ने डर हुने भएकोले, कृपया सिसीमा लिएर आउने कार्य नगर्नुहोस्।

# वडामा जम्मा नगरिने वस्तुहरू

## कम्प्युटर

कृपया निम्न मध्ये कुनै एक तरिकाबाट डिस्पोज गर्नुहोस् ।
1.डेलिभरी सेवा मार्फत घरबाट सङ्कलन गर्ने (वडाले समन्वय तथा सहकार्य गरेको उद्यम **रिनेट जापान रिसाइक्लिङ कम्पनी लिमिटेड** सँगको सम्झौता अनुसार कम्प्युटर सहित 1 बाकस निःशुल्क सङ्कलन गरिने)
कृपया सोही कम्पनीको वेबसाइट (https://www.renet.jp/) बाट आवेदन दिनुहोस्।
2.उत्पादक कम्पनी आदि द्वारा गरिने सङ्कलन (स्रोतको प्रभावकारी प्रयोग विकास ऐनमा आधारित सङ्कलन / रिसाइक्लिङ)
डिस्पोज गर्नको लागि सङ्कलन / रिसाइक्लिङ शुल्क लाग्छ ("PC रिसाइकल चिन्ह" भएको घरमा उपयोग गरिने कम्प्युटरको बिक्री मूल्यमा त्यस शुल्क समावेश हुने भएकोले शुल्क नतिरिकनै डिस्पोज गर्न सकिन्छ । प्रत्येक उत्पादक कम्पनीको सम्पर्क स्थान, सङ्कलन विधि, शुल्क आदिको विस्तृत विवरणको लागि, कृपया **"PC3R Promotion Association ☎ 03(5282)7685"** मा सोधपुछ गर्नुहोस्।

## एयर कन्डिशनर, टेलिभिजन, फ्रिज / डिप-फ्रिज, वासिङ मेसिन / ड्राइङ मेसिन

डिस्पोज गर्नको लागि, रिसाइक्लिङ शुल्क र सङ्कलन / ढुवानी शुल्क लाग्छ। पुनश्च, सङ्कलन / रिसाइक्लिङ भने घरायसी विद्युतीय उपकरण रिसाइक्लिङ ऐनको आधारमा, उत्पादक कम्पनीले गर्नेछ। (विदेशी उत्पादनहरू, सेकेन्ड-ह्यान्ड वस्तु / अनलाइनबाट खरिद गरिएका वस्तुहरू पनि योग्य हुने)
कृपया खरिद गरेको पसल (अथवा साटेर किनेको पसल)मा अनुरोध गर्नुहोस्। केही थाहा छैन भने, **"घरायसी विद्युतीय उपकरण रिसाइक्लिङ सङ्कलन केन्द्र ☎ (0570)087200 (नेभिगेसन डायलिङ)"**मा फोन गरेर सङ्कलनको लागि अनुरोध गर्नुहोस्।

## खतरनाक वस्तुहरू / डिस्पोज गर्न कठिनाइ हुने वस्तुहरू

ज्वलनशील / हानिकारक / खतरनाक वस्तुहरू, डिस्पोज गर्न कठिनाइ हुने वस्तुहरू वडाले सङ्कलन गर्दैन। कृपया डिलर या उत्पादक कम्पनी आदिलाई सम्पर्क गर्नुहोस्।

《जस्तै》 ग्याँसको सिलिन्डर, गाडी आदिको ब्याट्री, औद्योगिक रसायन, सलाई, आतिसबाजी, मट्टीतेल, पेट्रोलियम पदार्थ, पेन्ट, गाडी, मोटर-साइकल, गाडीको टायर, आगो नियन्त्रण यन्त्र, पियानो, फायर-प्रूफ सेफ, कङ्क्रीटको सामग्री, ढुङ्गा या माटो आदि ।

## उद्यमस्थल / पसलबाट निस्कने स्रोत / फोहर (सशुल्क)

उद्यमस्थल, पसल आदि जस्ता व्यापारिक गतिविधिबाट निस्कने स्रोत / फोहर भने उद्यमीले आफ्नै जिम्मेवारीमा डिस्पोज गर्नु पर्दछ। स्वयं आफैँले डिस्पोज (फोहर डिस्पोजल लाइसेन्स प्राप्त कम्पनी अथवा स्रोत सङ्कलन कम्पनीलाई सुम्पिने आदि) गरिदिनुहुन हार्दिक अनुरोध गर्दछौँ।



**[नाकानो वडाको सङ्कलन सेवा प्रयोग गर्ने अवस्थामा]**
"व्यावसायिक फोहर निकासी सूचना दाखिला पत्र" पेस गर्नुपर्ने कानूनी व्यवस्था गरिएको छ। कर्मचारी सङ्ख्या 20 जना वा सोभन्दा कम, अथवा एक दिनको औसत फोहर निकासी परिमाण 50kg सम्मको व्यवसायीले आवश्यक कुराहरू सूचित गरेर, **नाकानो वडाको व्यावसायिक सशुल्क फोहर डिस्पोजल टिकट (उपरान्त "फोहर डिस्पोजल टिकट")** टाँसेर, वडाको सङ्कलन सेवामा डिस्पोज गर्न सकिनेछ। फोहर डिस्पोजल टिकट खरिद गर्ने कार्य, कन्भिनियन्स-स्टोरहरू "中野区有料ごみ処理券取扱所 (नाकानो वडा सशुल्क फोहर डिस्पोजल टिकट केन्द्र)" भनेर लेखिएको पसल या नाकानो वडा सरसफाइ कार्यालयमा गर्न सकिनेछ।

**〈सोधपुछ ठेगाना〉**
◆व्यावसायिक फोहर निकासी सूचना दाखिला पत्र बारे: नाकानो-कु गोमि-जेरो सुइसिन-खा (नाकानो वडाको शून्य फोहर प्रवर्द्धन फाँट)
◆व्यावसायिक सशुल्क फोहर डिस्पोजल टिकट बारे: नाकानो वडा सरसफाइ कार्यालय

**[नाकानो वडाको सङ्कलन सेवामा डिस्पोज गर्ने बेलाको सावधानी]**
सूचना दाखिला गरेका उद्यमीलाई "सूचना दाखिला प्रमाणपत्र" जारी गरी, "उद्यमी नम्बर" सूचित गरिनेछ। कृपया फोहर डिस्पोजल टिकटमा त्यो नम्बर र "उद्यमीको नाम"(कम्पनीको नाम या व्यापारिक नामहरू) उल्लेख गरेर, फोहरमा टाँस्नुहोस्। उचित फोहर डिस्पोजल टिकट नटाँसिएको फोहर भने सङ्कलन गरिने छैन। पुनश्च, पसल (उद्यमस्थल) र बसोबास स्थल एउटै भएको अवस्थामा, कृपया पसलको फोहर र घरायसी फोहर विभाजन गरेर, छुट्टाछुट्टै थैलोमा राखेर डिस्पोज गर्नुहोस्।


**●भाँडोमा राख्ने अवस्थामा**
फोहरको परिमाणसँग मिल्दो फोहर डिस्पोजल टिकट टाँस्ने। डिस्पोजल टिकट फोहर राखेर फाल्न तयार पारिएको भाँडोको माथिल्लो भागमा टाँस्नुहोस् । कच्चा फोहरको कारणले टाँस्न नमिलेमा बेग्लै कागजमा टाँसेर फोहरको माथिल्लो भागमा राखिदिनुहोस् ।

**●थैलोमा राख्ने अवस्थामा**
फोहरको थैलोको क्षमतासँग मिल्दो फोहर डिस्पोजल टिकटलाई देख्न सजिलो हुने स्थानमा टाँस्ने। फोहर फाल्ने थैलोमा फोहरको मात्रा आधा मात्र भए पनि झोलाको क्षमतासँग मिल्ने फोहर डिस्पोजल टिकट टाँस्नुहोस् ।

**●थैलोमा डिस्पोज गर्न गाह्रो हुने वस्तुहरू**
■पोलिस्टेरिन फोम (प्लास्टिकजन्य स्रोत तर्फ)
प्रत्येक 1 थानको लागि 10 लिटर बराबरको फोहर डिस्पोजल टिकट 1 प्रति
■18 लिटरको टिनको डिब्बा (सेरामिक्सका भाँडा / सिसा / धातु जन्य फोहर तर्फ)
प्रत्येक 1 थानको लागि 10 लिटर बराबरको फोहर डिस्पोजल टिकट 1 प्रति

**●सिसी / क्यान (डिब्बा) / पेट-बोतल**
~स्रोत चाहिँ सकेसम्म निजी सङ्कलन रुट तर्फ~
बाध्यतावशः वडाले गर्ने सङ्कलनमा डिस्पोज गर्ने अवस्थामा, प्रत्येकको प्रकार लेखिएको थैलोमा हालेर, परिमाणसँग मिल्दो फोहर डिस्पोजल टिकट टाँसेर, सङ्कलन केसको छेउमा डिस्पोज गर्ने।

※व्यावसायिक गतिविधिबाट निस्कने पुराना कागजहरू, त्यस इलाकाको सामूहिक सङ्कलनमा डिस्पोज गर्न सकिने छैन। कृपया स्रोत सङ्कलन गर्ने उद्यमीलाई ठेक्का दिने वा पुराना कागजहरूको थोक विक्रेता कहाँ लिएर जाने आदि जस्ता विधिबाट डिस्पोजल गर्नुहोस्।





# यो चाहिँ कस्तो फोहर?

《सोधपुछ धेरै हुने वस्तुहरू डिस्पोज गर्ने तरिकाको सूचि / जापानी वर्णानुक्रममा》

| वस्तुको नाम | | जल्ने | माटो सिसा धातु | प्लास्टिक जन्य स्रोत | सीसा, क्यान, पेट बोतल | वृहदाकार |
|---|---|---|---|---|---|---|
| आइरन | | | ● | | | |
| आइरन-प्रीन्ट कागज (छापिने कागज) | | ● | | | | |
| टाँसिने पोस्टकार्ड | | ● | | | | |
| एल्बम | | ● | | | | |
| एल्युमिनियम फोइल | | | ● | | | |
| लुगाको केस | | | | | | ● |
| मेच | | | | | | ● |
| गमला | पोलेको माटोको भाँडो, सेरामिक्स, धातुबाट बनेको | | ● | | | |
| | प्लास्टिकबाट बनेको | | | ● | | |
| | एक भुजा 30cm भन्दा बढि | | | | | ● |
| SD कार्ड | | | ● | | | |
| डाइपर (कागजबाट बनेको, कपडाबाट बनेको पनि) ※कृपया फोहरमैला भने त्यसबाट हटाउनु होला | | ● | | | | |
| खेलौना | धातुबाट बनेको | | ● | | | |
| | प्लास्टिकबाट बनेको | | | ● | | |
| | काठबाट बनेको | ● | | | | |
| | एक भुजा 30cm भन्दा बढि | | | | | ● |
| विभिन्न कार्डहरू (प्लास्टिकबाट बनेको) | | | | ● | | |
| छाता (पट्टाउन मिल्ने छाता, 30cm भन्दा लामो छाता सहित) | | | ● | | | |
| मिठाईको थैलो・मिठाईको बक्स | कागजबाट बनेको ※सफा वस्तु भने सामूहिक सङ्कलन तर्फ | ● | | | | |
| | प्लास्टिकबाट बनेको | | | ● | | |
| पोर्टेबल ग्याँस चुलो ※कृपया ग्याँसको डिब्बा चाहिँ फुकाले कै हुनुपर्छ। | एक भुजा 30cm वा सो भन्दा कम | | ● | | | |
| | एक भुजा 30cm भन्दा बढि | | | | | ● |
| क्यासेट टेप | | ● | | | | |
| क्यासेट टेपको केस | | | | ● | | |
| ग्याँसको डिब्बा ※1 | | | ● | | | |
| विभिन्न कपाहरू (कप-नुडल, पुडिङ आदि) | कागजबाट बनेको | ● | | | | |
| | प्लास्टिकबाट बनेको | | | ● | | |
| झोला (छालाको, कपडाको, प्लास्टिकको) | | ● | | | | |
| कपाल खौरने ※2 | | | ● | | | |
| क्यान (डिब्बा) | पेय पदार्थको क्यान (बिर्को सहित) | | | | ● | |
| | मिठाई / चिया आदिको डिब्बा | | | | ● | |
| | खानेकुरो राखिएको डिब्बा (पेट-फूड क्यान सहित) | | | | ● | |
| | 18 लिटरको टिनको डिब्बा | | ● | | | |
| ड्राइ प्याक | | ● | | | | |
| थर्मल पेपरहरू (रसिद आदि) | | ● | | | | |
| बिर्कोहरू (पेयपदार्थहरू) | धातुबाट बनेको | | ● | | | |
| | प्लास्टिकबाट बनेको | | | ● | | |
| झीर ※कृपया कागजहरूमा बेर्ने आदि गर्नुहोस् | धातुबाट बनेको | | ● | | | |
| | काठबाट बनेको | ● | | | | |
| औषधिको पत्ता | | | | ● | | |
| जुत्ता (छालाको जुत्ता, स्पोर्ट्स-सू, बुट-जुत्ता, चप्पल आदि) | | ● | | | | |
| कुशन | एक भुजा 30cm वा सो भन्दा कम | ● | | | | |
| | एक भुजा 30cm भन्दा बढि | | | | | ● |
| रक्तचापमापक (पारो प्रणालीको) ※3 | | | ● | | | |
| गल्फ क्लब | | | | | | ● |
| CD (BD・DVD・MD・भिडियो टेप पनि एउटै) | | ● | | | | |
| CD (BD・DVD・MD・भिडियो टेप पनि एउटै) को केस | | | | ● | | |
| फोटो | | ● | | | | |
| स्याम्पुको बोतल | | | | ● | | |
| जोइन्ट म्याट | एक भुजा 30cm वा सो भन्दा कम | ● | | | | |
| | एक भुजा 30cm भन्दा बढि | | | | | ● |
| खानेकुरा राख्ने ट्रे (मासु, माछा, तयारी परिकार आदि) | | | | ● | | |
| भाँडाकुँडा / कप आदि | कागजबाट बनेको・काठबाट बनेको | ● | | | | |
| | प्लास्टिकबाट बनेको | | | ● | | |
| | सेरामिक्स・सिसाबाट बनेको・धातुबाट बनेको | | ● | | | |

| वस्तुको नाम | | जल्ने | माटो सिसा धातु | प्लास्टिक जन्य स्रोत | सीसा, क्यान, पेट बोतल | वृहदाकार |
|---|---|---|---|---|---|---|
| राइस कुकर | एक भुजा 30cm वा सो भन्दा कम | | ● | | | |
| | एक भुजा 30cm भन्दा बढि | | | | | ● |
| सुटकेस | | | | | | ● |
| स्ट्र | कागजको | ● | | | | |
| | प्लास्टिकको | | | ● | | |
| स्प्रे-क्यान ※1 | | | ● | | | |
| धोएको लुगाहरू च्याप्ने ह्याङ्गर (30cm भन्दा लामो वस्तु सहित) | धातुबाट बनेको | | ● | | | |
| | प्लास्टिकबाट बनेको | ● | | | | |
| थर्मोमिटर | पारो प्रणालीको ※3 | | ● | | | |
| | डिजिटल प्रणाली | | ● | | | |
| मस्काउने जाली (बुरुस) | धातुबाट बनेको | | ● | | | |
| | नाइलनबाट बनेको | | | ● | | |
| | ऊलनबाट बनेको | ● | | | | |
| माटो | | P2 वडा कार्यालयले संकलन गर्दैन। | | | | |
| फिसिङ रड | | | | | | ● |
| इलेक्ट्रिक चुरोट (भित्र रिजार्जेवल ब्याट्री जडित भएका उत्पादनहरू) ※1 | | | ● | | | |
| बुनेको पुतली | एक भुजा 30cm वा सो भन्दा कम | ● | | | | |
| | एक भुजा 30cm भन्दा बढि | | | | | ● |
| बिरालोको सोतर | | ● | | | | |
| जालीदार वस्तुहरू (फलफूल आदिलाई बेरेर राखिएको वस्तु) | | | | ● | | |
| प्याकहरू (अण्डाको, नात्तोको, तोफुको, फलफूलको आदि) | | | | ● | | |
| पोलिस्टेरिन फोम (कुशन सामग्री) | | | | ● | | |
| आतिसबाजी ※प्रयोग गरि सकिएको मात्र। कृपया पानीले भिजाएर डिस्पोज गर्नुहोस् | | ● | | | | |
| दाँत माझ्ने बुरुस | | | | ● | | |
| धारिलो वस्तुहरू (चक्कु, किचेन नाइफ आदि) ※2 | | | ● | | | |
| ह्याङ्गर | फलामको तार | | ● | | | |
| | प्लास्टिकबाट बनेको | | | ● | | |
| | काठबाट बनेको | ● | | | | |
| पिजाको बक्स | | ● | | | | |
| सिसीहरू ※ फुटेका वस्तुहरू भने कृपया निम्न उल्लिखित नोट 2 मा जस्तै गरेर डिस्पोज गर्नुहोस् । | खानेकुराहरू राख्ने सिसी | | | | ● | |
| | औषधि・कस्मेटिक सामानको सिसी | | ● | | | |
| | फुटेको सिसी | | ● | | | |
| डस्ना | | | | | | ● |
| फ्राइ-प्यान | | | ● | | | |
| प्रिन्टर | | | | | | ● |
| बेड-प्याड・बेड-म्याट्रेस | | | | | | ● |
| पेट-बोतल (पेय पदार्थ, मरमसला आदिको) | | | | | ● | |
| पेट-बोतलको बिर्को・लेबल | | | | ● | | |
| बेन्तोउको भाँडो (प्लास्टिकबाट बनेको) | | | | ● | | |
| झाडु | लम्बाइ 30cm वा सो भन्दा कम | ● | | | | |
| | लम्बाइ 30cm भन्दा बढि | | | | | ● |
| पाइप ※30cm वा सो भन्दा कम लम्बाइमा काटेर डिस्पोज गर्नुहोस्। | | ● | | | | |
| बल (गल्फ, टेनिस, बेसबल, फुटबल आदि) | | ● | | | | |
| बलपेन | धातुबाट बनेको | | ● | | | |
| | प्लास्टिकबाट बनेको | ● | | | | |
| आइस प्याक | | ● | | | | |
| माइक्रोबिड कुशन | एक भुजा 30cm वा सो भन्दा कम | ● | पारदर्शि थैलोमा राखेर भित्र के छ थाहा हुने अर्थात देखिने गरी फाल्नुहोस् । | | | |
| | एक भुजा 30cm वा सो भन्दा बढि | | | | | ● |
| उपयोग नभएका खाद्यान्न ※सकिन्छ भने फूड-ड्राइभ तर्फ (पृष्ठ 2) | | ● | | | | |
| लुगा सुकाउने रड | | | | | | ● |
| मोबाइल ब्याट्री※1 ※4 | | | ● | | | |
| लाइटर ※1 | | | ● | | | |
| विभिन्न र्‍यापिङ पेपर | | | | ● | | |
| लिथियम आयन ब्याट्री ※1 ※4 | | | ● | | | |
| क्यास काउन्टरमा दिइने प्लास्टिकको झोला | | | | ● | | |




※1 : सानो आकारको रिचार्जेवल ब्याट्री तथा रिचार्ज गर्न मिल्ने ब्याट्री जडित वस्तु, स्प्रे -क्यान・ग्याँसको डिब्बा・लाइटरहरूलाई अन्य फोहरमा मिसाएर डिस्पोज गरियो भने, फोहर उठाउने गाडी या डिस्पोज गर्ने संरचनामा आगलागी हुने कारण बन्छ। कृपया अन्य फोहर भन्दा छुट्टै थैलोमा हालेर, भित्री वस्तु के हो उल्लेख गरेर डिस्पोज गर्नुहोस्। पुनश्च, स्प्रे-क्यान・ग्याँसको डिब्बामा भने प्वाल नपार्नुहोस्।

※2 : धारिलो वस्तु या फुटेको सिसी आदि भने खतरनाक हुन्छ। कृपया कागज या कपडामा बेरेर अन्य फोहर भन्दा छुट्टै थैलोमा हालेर, भित्री वस्तु के हो उल्लेख गरेर डिस्पोज गर्नुहोस्।

※3 : पारो प्रयोग गरिएको वस्तु भने, जमिनमा पुर्न नहुने भएकोले छुट्टै डिस्पोज गर्ने । कृपया अन्य फोहर भन्दा छुट्टै थैलोमा हालेर, भित्री वस्तु के हो उल्लेख गरेर डिस्पोज गर्नुहोस्।

※4 : सानो आकारको रिचार्जेवल ब्याट्री तथा रिचार्ज गर्न मिल्ने ब्याट्री जडित वस्तुलाई सेलोफेन टेप आदिको प्रयोगरी गरी इन्सुलेट गरी फाल्नुहोस् । फुल्लिएर आकार परिवर्तन भएको छ भने त्यसलाई सरसफाई कार्यालयमा लिएर आउनुहोस् ।

# स्रोत सङ्कलन・फोहर सङ्कलन हुने वारको सूची

★पुराना कागजहरू बारे, पर्चाहरू "सामूहिक सङ्कलन (पुराना कागजहरू सङ्कलन आदि) कार्यान्वयन हुने दिनको सूची"बाट हेर्न सकिन्छ।



**कृपया तपाईं बसोबास गर्नुहुने इलाकाको स्रोत सङ्कलन / फोहर सङ्कलन हुने वार चेक गरेर, पृष्ठ 1 को "○" स्तम्भमा हरेकको वार लेखेर प्रयोग गर्नुहोस्।**

| क्षेत्र (टोल तथा इलाका) | | जल्ने फोहर | सेरामिक्सका भाँडा / सिसा धातु जन्य फोहर | प्लास्टिकजन्य स्रोत | वोतल, क्यान (डिब्बा) पेट बोतल (बोतल, क्यान (डिब्बा), पेट बोतल जम्मा गर्ने स्थान तर्फ) |
|---|---|---|---|---|---|
| आराइ | 1 / 2 / 4 / 5 च्योमे | मंगल / शुक्र | दोस्रो / चौथो शनि | बिही | शुक्र |
| | 3 च्योमे | मंगल / शुक्र | पहिलो / तेस्रो शनि | बिही | शुक्र |
| एगोता | 1 / 3 च्योमे | बुध / शनि | दोस्रो / चौथो बिही | शुक्र | मंगल |
| | 2 / 4 च्योमे | बुध / शनि | पहिलो / तेस्रो सोम | मंगल | मंगल |
| एहाराच्यो | सम्पूर्ण इलाका | बुध / शनि | दोस्रो / चौथो बिही | शुक्र | मंगल |
| खामि-सागिनोमिया | सम्पूर्ण इलाका | मंगल / शुक्र | दोस्रो / चौथो बुध | सोम | बुध |
| खामि-ताकादा | 1 च्योमे | सोम / बिही | दोस्रो / चौथो शुक्र | शनि | मंगल |
| | 2 च्योमे | मंगल / शुक्र | दोस्रो / चौथो शनि | बिही | शुक्र |
| | 3 / 4 / 5 च्योमे | मंगल / शुक्र | दोस्रो / चौथो शनि | बिही | मंगल |
| सागिनोमिया | 1 / 3 च्योमे | मंगल / शुक्र | पहिलो / तेस्रो बुध | सोम | बुध |
| | 2 च्योमे | बुध / शनि | पहिलो / तेस्रो सोम | मंगल | बुध |
| | 4 / 5 / 6 च्योमे | मंगल / शुक्र | दोस्रो / चौथो बुध | सोम | बुध |
| सिरासागि | 1 / 2 च्योमे | मंगल / शुक्र | पहिलो / तेस्रो बुध | सोम | बुध |
| | 3 च्योमे | मंगल / शुक्र | दोस्रो / चौथो बुध | सोम | बुध |
| च्युओ | 1 / 2 च्योमे | सोम / बिही | दोस्रो / चौथो मंगल | शनि | बिही |
| | 3 / 4 / 5 च्योमे | सोम / बिही | पहिलो / तेस्रो शुक्र | बुध | शुक्र |
| नाकानो ※हरेक दिन सङ्कलन हुने इलाका बाहेक। | 1 च्योमे | सोम / बिही | दोस्रो / चौथो शुक्र | बुध | बिही |
| | ※2 / 3 / 5च्योमे | सोम / बिही | दोस्रो / चौथो शुक्र | बुध | शुक्र |
| | 4 च्योमे | सोम / बिही | पहिलो / तेस्रो शनि | बुध | शुक्र |
| | 6 च्योमे | सोम / बिही | दोस्रो / चौथो शुक्र | शनि | बिही |
| नुमा-बुकुरो | सम्पूर्ण इलाका | बुध / शनि | दोस्रो / चौथो सोम | मंगल | मंगल |
| नोगाता | 1 / 2 च्योमे | मंगल / शुक्र | पहिलो / तेस्रो शनि | बिही | शुक्र |
| | 3 च्योमे | मंगल / शुक्र | पहिलो / तेस्रो शनि | बिही | मंगल |
| | 4 च्योमे | बुध / शनि | दोस्रो / चौथो सोम | मंगल | मंगल |
| | 5 / 6 च्योमे | बुध / शनि | पहिलो / तेस्रो सोम | मंगल | बुध |
| हिगासि-नाकानो | 1 / 2 / 4 / 5 च्योमे | सोम / बिही | पहिलो / तेस्रो मंगल | शनि | बिही |
| | 3 च्योमे | सोम / बिही | दोस्रो / चौथो शुक्र | शनि | बिही |
| होन्च्यो | 1 / 2 च्योमे | सोम / बिही | दोस्रो / चौथो मंगल | शनि | बिही |
| | 3 च्योमे | बुध / शनि | दोस्रो / चौथो बिही | मंगल | बिही |
| | 4 / 5 / 6 च्योमे | सोम / बिही | पहिलो / तेस्रो शुक्र | बुध | शनि |
| माचुगाओका | 1 च्योमे | मंगल / शुक्र | दोस्रो / चौथो शनि | बिही | मंगल |
| | 2 च्योमे | बुध / शनि | दोस्रो / चौथो सोम | मंगल | मंगल |
| मारुयामा | 1 च्योमे | बुध / शनि | पहिलो / तेस्रो सोम | मंगल | मंगल |
| | 2 च्योमे | बुध / शनि | पहिलो / तेस्रो सोम | मंगल | बुध |
| मिनामि-दाइ | सम्पूर्ण इलाका | बुध / शनि | पहिलो / तेस्रो बिही | शुक्र | शनि |
| यामातो-च्यो | 1 / 2 च्योमे | मंगल / शुक्र | पहिलो / तेस्रो शनि | बिही | बुध |
| | 3 / 4 च्योमे | मंगल / शुक्र | पहिलो / तेस्रो शनि | सोम | बुध |
| यायोइ-च्यो | 1 च्योमे | बुध / शनि | दोस्रो / चौथो बिही | शुक्र | शनि |
| | 2 च्योमे | बुध / शनि | दोस्रो / चौथो बिही | मंगल | शनि |
| | 3 / 4 / 5 / 6 च्योमे | बुध / शनि | पहिलो / तेस्रो बिही | शुक्र | शनि |
| वाकामिया | 1 च्योमे | बुध / शनि | पहिलो / तेस्रो सोम | मंगल | बुध |
| | 2 / 3 च्योमे | मंगल / शुक्र | पहिलो / तेस्रो बुध | सोम | बुध |

**"पहिलो・तेस्रो ○"→त्यस महिनाको पहिलो र तेस्रो ○ वार**
**"दोस्रो・चौथो ○"→त्यस महिनाको दोस्रो र चौथो ○ वार**
※"पाँचौँ" पर्ने वारमा भने सङ्कलन गरिने छैन।

## बृहदाकार फोहर (सशुल्क)

अग्रिम आवेदन प्रणाली

★ घरबाट निस्कने वस्तुहरू, एक भुजाको लम्बाइ 30㎝ नाघ्ने फर्निचर या घरायसी विद्युतीय उपकरण आदि

जस्तै: डस्ना, मैलिएको कम्बल, मेच, साइकल, भ्याक्युम क्लीनर, माइक्रोवेभ ओभन, दराज, कलर बक्स आदि
※एयर कन्डिशनर, टेलिभिजन, फ्रिज / डिप-फ्रिज, वासिङ मेसिन / ड्राइङ मेसिन, कम्प्युटर आदि बाहेक।

कृपया दराज या र्‍याक आदि जस्ता फर्निचरहरू सङ्कलनको आवेदन दिने बेला, "नाप (उचाइ / चौडाइ आदि)" भन्नुहोस्।

★एक भुजाको लम्बाइ 30cm वा सो भन्दा कम र कडा भएर डिस्पोज गर्न कठिनाइ हुने वस्तु

जस्तै: बलिङको बल, फलामे वजन, डम्बेल आदि

● टेलिफोनबाट आवेदन दिने अवस्थामा (अङ्ग्रेजी भाषा, चिनियाँ भाषा)

**बृहदाकार फोहर सङ्कलन केन्द्र**
☎ 03(5715)2255

≪सम्पर्क समय≫
बिहान 8 बजेदेखि बेलुकी 7 बजेसम्म
(आइतवार, वर्षान्त र नववर्षको बिदामा बाहेक)

●इन्टरनेटबाट आवेदन दिने अवस्थामा (अङ्ग्रेजी भाषा, चिनियाँ सरलीकृत अक्षर, कोरियन हाङ्गुलमा सेवा लिन सकिने)

"नाकानो वडाको वेबसाइटको "बृहदाकार फोहर सङ्कलनको इन्टरनेट आवेदन" को पेजबाट 24सै घण्टा आवेदन दिन सकिन्छ।
(वर्षान्त र नववर्षको बिदामा बाहेक)
※वर्षान्त र नववर्षको बिदा आदिमा अत्यन्त घुइँचो लाग्ने भएकोले, कृपया सक्दो चाँडो आवेदन दिनुहोस्।
※टेलिफोन सम्पर्कमा कठिनाइ आएको बेला, कृपया केही समय पछि पुनः प्रयास गर्नुहोस्।
※कम्प्युटर या स्मार्टफोन हुने व्यक्तिले, कृपया इन्टरनेट आवेदन उपयोग गर्नुहोस्।



## "नाकानो वडा फोहर वर्गीकरण एप" उपयोग गर्नुहोस्।



स्रोत र फोहर सम्बन्धी विभिन्न जानकारी, स्मार्टफोनबाट सजिलै चेक गर्न सकिन्छ। अवश्य पनि उपयोग गर्नुहोला (सञ्चार शुल्क भने प्रयोगकर्ताले वहन गर्नुपर्ने)।



**●प्रमुख कार्य क्षमताहरू**

- त्यस इलाकाको फोहर सङ्कलन हुने दिन चेक गर्न सकिने" फोहर सङ्कलन हुने दिनको क्यालेन्डर"
- फोहर वर्गीकरण गर्ने विधि चेक गर्न सकिने" फोहर वर्गीकरण शब्दकोश"
- फोहर डिस्पोज गर्न बिर्सनबाट जोगिनको लागि "अलार्म राख्ने कार्यक्षमता" भएको आदि
- सूचनाहरूको प्रवाह (अस्थायी फोहोर संकलन मिति परिवर्तन तथा कार्यक्रमहरूको जानकारी आदि)

**●डाउनलोड चाहिँ तलको 2D बारकोडबाट**

iOS डिभाइस　　Android डिभाइस

★बहु भाषाहरूमा उपलब्ध छ ।
(अंग्रेजी, सरलीकृत चिनिया, कोरियन, नेपाली, भियतनामी)

### चराचुरुङ्गी छेक्ने जाली सापटी दिने कार्य

कौवा आदिले फोहर छरपस्ट पार्नबाट जोगाउनको लागि, धेरै घर-परिवारले प्रयोग गर्ने फोहर जम्मा गर्ने स्थानमा चराचुरुङ्गी छेक्ने जाली सापटी दिने गरिन्छ।

### मृत घर पालुवा जनावर आदिको सङ्कलन (सशुल्क)

मृत घर पालुवा जनावरको वजन 25kg भन्दा कम (प्रति एक जनावर) हो भने, आवेदन दिएर, **सरसफाइ कार्यालय**ले सशुल्क सङ्कलन गर्नेछ।

※दुबैको सोधपुछ गर्न वा आवेदन दिनको लागि **सरसफाइ कार्यालय** तर्फ।

| सोधपुछ गर्न मिल्ने विषयवस्तु (प्रमुख विषयहरू) | सोधपुछ स्थल・अवस्थित ठेगाना |
|---|---|
| ●जल्ने फोहर ●चराचुरुङ्गी छेक्ने जाली<br>●सेरामिक्सका भाँडा・सिसा・धातु जन्य फोहर<br>●प्लास्टिकजन्य स्रोत आदि | **नाकानो वडा सरसफाइ कार्यालय**<br>☎ 03（3387）5353<br>FAX 03（3387）5389 |
| ●सिसी・क्यान (डिब्बा)・पेट-बोतल आदि जस्ता स्रोत<br>●सामूहिक सङ्कलन (पुराना कागजहरूको सङ्कलन) आदि | **नाकानो वडा शून्य फोहर प्रवर्द्धन फाँट स्रोत संकलन प्रवर्द्धन शाखा**<br>☎ 03（3228）5555<br>FAX 03（3228）5634 |
| ● फोहर न्यूनिकरण र 3R प्रवर्द्धन<br>● व्यावसायिक फोहर निकासी सूचना दाखिला पत्र<br>● रिसाइकल प्रदर्शनी कक्षासँग सम्बन्धित कुरा आदि | **नाकानो वडा शून्य फोहर प्रवर्द्धन फाँट फोहर न्यूनिकरण प्रवर्द्धन शाखा**<br>☎ 03（3228）5563<br>FAX 03（3228）5634 |

**नाकानो-कु माचुगाओका 1-6-3**



## छरपस्ट हुनेजस्ता दुर्घटना रोक्नको लागि कृपया फोहर फाल्ने समयमा सहयोग गरिदिनुहोस् ।

⚠ तरल पदार्थसहितको फोहरको झोला फोहरको गाडीमा लोड गर्ने क्रममा फुट्ने र त्यसले नजिकै यात्रा गर्ने यात्रु तथा नजिकैको घरहरुमा छरपस्ट हुने दुर्घटनाहरु भएका छन् ।



●तरल पदार्थ फोहोरको रुपमा संकलन गर्न सकिंदैन । यदि यसलाई फोहोरको रुपमा फाल्न चाहनुहुन्छ भने कृपया यसलाई कागज अथवा कपडाले लपेटेर सेस्न दिनुहोस् । तरल पदार्थलाई ठोस बनाउने पदार्थको प्रयोग पनि गर्न सक्नुहुनेछ । ठोस वस्तु भएपछि त्यसलाई जल्ने फोहरको रुपमा फाल्नुहोस् ।



●प्वाँख तथा माइक्रोबिड लगायतका कुसनहरू आदि भित्र छरपस्ट हुनसक्ने खालको फोहरहरुलाई जल्ने फोहरको रुपमा फाल्न सकिन्छ । यस्ता किसिमका फोहर फाल्ने बेलामा अन्य फोहर भन्दा भिन्दै थैलीमा राखेर भित्र के राखिएको छ भन्ने कुरा थाहा पाउने गरी लेखेर फाल्नुहोस् ।



⚠ **उग्र मौसम (समुद्री आँधी नजिकिँदा, हिउँ पर्दा आदि) हुने बेलाको सावधानी**

◆शक्तिशाली हुरी・जलमग्न・हिउँ थुप्रिएको अवस्थाको कारण, फोहर सङ्कलन समय ठूलो अन्तरले ढिलो हुने, फोहर सङ्कलन या सिसी・क्यान (डिब्बा)・पेट-बोतल सङ्कलन गर्ने केसको स्थापना स्थगन गर्ने अवस्था हुनसक्छ।
◆सकेसम्म अर्को पटकको सङ्कलन हुने दिनमा डिस्पोज गरेर सहयोग गरिदिनुहुन हार्दिक अनुरोध गर्दछौँ।

वडाको वेबसाइट आदिमा चेक गर्नुहोस्!



⚠ **विपदको बेलामा पनि फोहरको वर्गीकरण・डिस्पोज गर्ने नियम अवश्य पालन गर्ने**

◆क्षतिग्रस्त घरहरू सफा गर्दा ठूलो परिमाणमा फोहर निस्किँदा पनि पूर्ण रूपले फोहरको वर्गीकरण पालना गर्नु महत्त्वपूर्ण हुन्छ। सडे-गलेका वस्तुहरू या स्वास्थ्य-सरसफाइको नजरबाट हेर्दा आवश्यक पर्ने वस्तुहरूलाई प्राथमिकताका साथ सङ्कलन गरिनेछ। कृपया नवीनतम जानकारी चेक गरेर मात्र, फोहर डिस्पोज गर्नुहोस्।



リサイクル適性Ⓐ
この印刷物は、印刷用の紙へリサイクルできます。